0 6 Nov

# घरेलु हिंसा (कसुर र सजायँ) नियमावली, २०६६

घरेलु हिंसा (कसुर र सजायँ) ऐन, २०६६ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१) <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यो नियमहरुको नाम "घरेलु हिंसा (कसुर र सजाय) सम्वन्धी नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२) <u>परिभाषा :</u> बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) "ऐन" भन्नाले घरेलु हिंसा (कसुर र सजायँ) ऐन, २०६६ सम्झनु पर्छ ।

(ख) "उजुरी" भन्नाले घरेलु हिंसा पीडित व्यक्तिले पीडक विरुद्ध उजुरी सुन्ने निकाय समक्ष दर्ता गर्न ल्याएकौ लिखित वा मौखिक उजुरी सम्झनुपर्छ ।

(ग) "उजुरी सुन्ने निकाय" भन्नाले ऐनको दफा ४(१) र दफा ५ मा उल्लिखित निकाय सम्झनु पर्छ ।

(घ) "स्वास्थ्य केन्द्र" भन्नाले अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी समेतलाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय सम्झनु पर्दछ ।

३) <u>उजुरी दर्ता सम्वन्धी व्यवस्था :</u> (१) घरेलु हिंसाबाट पीडित व्यक्ति आफै वा निजको तर्फबाट जो सुकैले पनि पीडक विरुद्ध उजुरी गर्न चाहेमा अनुसूची १ बमोजिमको ढाँचामा उजुरी सुन्ने निकाय समक्ष उजुरी दिनुपर्ने छ । ऐनको दफा ४ बमोजिम पीडितबाट मौखिक उजुरी प्राप्त भएकोमा उजुरी सुन्ने निकायले अनुसूची १ बमोजिमको ढाँचामा उजुरी तयार गरी दर्ता गरिदिनु पर्ने छ ।

(२) उपनियम (१) बमोजिमको उजुरी उजुरी सुन्ने निकाय समक्ष पेश भएमा त्यस्तो उजुरी तत्काल दर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा निस्सा दिनुपर्नेछ ।

४) <u>उजुरी दर्ता किताव :</u> घरेलु हिंसा सम्वन्धी उजुरी सुन्ने निकायले त्यस्तो उजुरी दर्ताको लागि अलग उजुरी दर्ता किताव खडा गर्नुपर्नेछ ।

५) <u>घाँ जाच सम्वन्धी व्यवस्था :</u> (१) नियम ३ बमोजिम प्राप्त उजुरीमा पीडकले पीडितलाई कुटपीट वा शारीरिक चोटपटक पुऱ्याएको समेत उल्लेख भएमा तत्काल स्वास्थ्य परिक्षणको लागि नजिकको स्वास्थ्य केन्द्रमा पठाउनु पर्नेछ ।

(२) उप नियम (१) बमोजिम स्वास्थ्य परिक्षणको लागि अनुरोध भई आएमा त्यस्तो अस्पतालको मेडिकल अधिकृत, वा स्वास्थ्य कर्मीले तत्काल उपचार गरी घाँ जाँच लगायत स्वास्थ्य परीक्षण सम्वन्धी प्रतिवेदन दिनुपर्नेछ ।

६) <u>पीडकलाई झिकाउने कार्यविधि :</u> (१) स्थानीय निकाय समक्ष उजुरी परी पीडकलाई बयानको लागि बोलाउँदा उपस्थित नभएमा उपस्थित गराईदिन नजिकको प्रहरीको सहयोगको लागि स्थानीय निकायले तुरुन्त पत्राचार गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अनुरोध आएमा प्रहरीले तत्काल त्यस्ता व्यक्तिलाई पक्राउ गरी स्थानीय निकाय समक्ष उपस्थित गराउनुपर्नेछ ।

(३) प्रहरी कार्यालयमा उजुरी परी पीडकलाई उपस्थित हुन सूचित गर्दा उपस्थित हुन अटेर गरेमा अ.सई. सम्मको प्रहरी कर्मचारीको आदेश लिई बयानको लागि उपस्थित गराउन सकिने छ ।

७) <u>सुरक्षा सम्वन्धी व्यवस्था :</u> पीडित र निजसँग आश्रित व्यक्तिलाई पीडकबाट थप शारीरिक वा मानसिक कष्ट हुन सक्ने पर्याप्त र विश्वसनीय आधार देखिएमा उजुरी सुन्ने निकायको अनुरोधमा प्रहरीले तत्काल देहाय बमोजिमको सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।

(क) पीडितलाई अस्थायीरुपमा सुरक्षित स्थान वा सेवाकेन्द्रमा बस्ने व्यवस्था ,

(ख) पीडकबाट थप शारीरिक वा मानसिक हिंसा हुन नपाउने गरी सुरक्षाको व्यवस्था,

८) <u>कानूनी सहायता सम्वन्धी व्यवस्था :</u> (१) उजुरी सुन्ने निकाय समक्ष उजुरी गर्न तथा अन्य आवश्यक कानूनी परामर्शको लागि पीडतबाट अनुरोध भएमा सेवा केन्द्रले नि:शुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।

(२) कानूनी सहायता र कानूनी परामर्श उपलब्ध गराउन प्रत्येक सेवा केन्द्रमा आवश्यक संख्यामा कानूनी सहायता समूह (प्यारालिगल ग्रुप) व्यवस्था गर्नुपर्नेछ ।

९) <u>मनोसामाजिक परामर्श सम्वन्धी व्यवस्था :</u> पीडकलाई परेको मानसिक कष्टको असर र प्रभाव मूल्याकंन गरी सामान्य जीवनयापन गर्न मनोसामाजिक परामर्श आवश्यक देखिएमा सेवा केन्द्र मार्फत मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

१०) <u>औषधी उपचार :</u> ऐनको दफा ९ को उपदफा (२) बमोजिम सेवा केन्द्रबाट पीडितले उपचार रकम पाउने गरी आदेश भएकोमा सेवा केन्द्रले सो को अभिलेख राखी त्यस्तो रकम तत्काल पीडितलाई उपलब्ध गराउनु पर्नेछ ।

११) <u>मेलमिलाप सम्वन्धी :</u> (१) स्थानीय निकाय, प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोगमा परेका उजुरी सम्वन्धमा दुवै पक्ष मेलमिलाप गर्न सहमत भएमा सोही व्यहोरा उल्लेख गरी मेलमिलाप गराईदिनुपर्नेछ ।

(२) मेलमिलाप गराउँदा मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र साक्षी समेतको सहयोग लिनुपर्नेछ ।

१२) <u>उजुरी पठाउने :</u> (१) स्थानीय निकाय वा प्रहरी कार्यालयमा परेका उजुरीका सम्वन्धमा कारवाही हुँदा दुवै पक्ष बीच मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी उजुरी र त्यससँग सम्वन्धित मिसिल कागजात, स्वास्थ्य परिक्षण, घाँ जाँच प्रतिवेदन समेत संलग्न राखी ऐनको दफा ४ को उपदफा (११) बमोजिमको म्याद भित्र सम्वन्धित जिल्ला अदालत समक्ष अनुसूची ४ को ढाँचामा पठाउनु पर्नेछ ।

(२) उप नियम (१) बमोजिम उजुरी जिल्ला अदालतमा पठाएको जानकारी पीडित र पीडक दुवैलाई दिनुपर्नेछ ।

(३) उपनियम १ बमोजिम प्राप्त उजुरीको मिसिल बमोजिम अदालतबाट भएको फैसलाको जानकारी अदालतले उजुरी पठाउने सम्वन्धित निकायलाई समेत दिनुपर्नेछ ।

१३) सेवा केन्द्रको सञ्चालन र व्यवस्थापन : (१) महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले स्थानीय प्रशासन सँग परामर्श गरी पीडितलाई अस्थायी सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै राख्ने प्रयोजनको लागि आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना र सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएका केन्द्रको व्यवस्थापन निश्चित अवधिका लागि शर्त तोकी करारमा निजी वा गैर सरकारी संस्था वा स्थानीय महिला समूहलाई दिन सकिनेछ ।

(३) सेवा केन्द्र सञ्चालन र व्यवस्थापन सम्वन्धी न्यूनतम मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(४) उप नियम (२) बमोजिम सेवा केन्द्र व्यवस्थापनमा लिन चाहने संस्थाले देहायको विवरण खोली अनुसूची ३ को ढाँचामा महिला विकास कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

(क) संस्थाको विधान र दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) केन्द्र स्थापना हुने स्थान र त्यस्तो केन्द्रको क्षमता लगायताका भौतिक पूर्वाधारकौ विवरण,

(ग) केन्द्रको लागि आवश्यक जनशक्तिको विवरण,

(घ) आर्थिक श्रोतको विवरण ।

(४) उपनियम ३ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गरी त्यस्तो संस्थालाई सेवा केन्द्रको स्थापना र सञ्चालन गर्न अनुसूची ५ बमोजिमको ढाँचामा स्वीकृतिको प्रमाणपत्र दिइनेछ ।

१४) सेवा कोष सञ्चालन र व्यवस्थापन : (१) ऐनको दफा १२ बमोजिम स्थापना भएको कोषको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको समिति रहनेछ :-

| | |
|---|---|
| (क) सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | अध्यक्ष |
| (ख) सह सचिव, गृह मन्त्रालय | सदस्य |
| (ग) सह सचिव, राष्ट्रिय महिला आयोग | सदस्य |
| (घ) प्रहरी नायव महानिरिक्षक | सदस्य |
| (ङ) सह सचिव, महिला,बालबालिका तथा समाजकल्याण मन्त्रालय | सदस्य सचिव |

(२) सेवा कोषको रकम ऐन तथा यस नियमावली बमोजिम पीडितको अस्थायी व्यवस्थापन , औषधी उपचार, कानूनी सहायता, मनोविमर्श सेवा, तथा मनोबैज्ञानिक परामर्शमा खर्च गरिनेछ ।

(३) विभिन्न जिल्लामा स्थापना भएका सेवा केन्द्रको लागि समितिले निर्धारण गरे बमोजिमको रकम सेवा कोषबाट उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठक सम्वन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

<u>अनुसूची १</u>

(नियम ३ को उपनियम १ सँग सम्वन्धित)

श्री ...................................... मा पेश गरेको उजुरी

.......................................................................................................... ले म निवेदक/ निवेदिकालाई मिति .................... मा देहाय बमोजिम मानसिक/शारीरिक हिंसा जन्य कार्य गरी मलाई पीडित बनाएकोले घरेलु हिंसा (कसुर र सजाँय ) ऐन, २०६६ को दफा ४(१) र नियमावली को नियम ३ बमोजिम यो उजुरी पेश गरेको छु ।

१) हिंसा भएको मिति र समय :

२) हिंसाको प्रकृति :

३) हिंसाबाट परेको मानसिक असर :

४) हिंसाबाट परेको शारीरिक असर :

५) हिंसाबाट परेको आर्थिक असर :

६) पीडकको थप विवरण :

७) घटना देख्ने, थाहा पाउने कुनै व्यक्ति भए निजको नाम, ठेगाना :

क)

ख)

ग)

घ)

ङ)

८) यस बिषयमा अन्य निकायमा उजुरी गरेको भए सो निकायको नाम र उजुरी गरेको मिति :

माथि लेखिएको व्यहोरा ठिक साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहने बुझाउने छु ।

सहि

नाम

ठेगाना

मिति

## अनुसूची २

(नियम ३ को उपनियम २ सँग सम्वन्धित)

उजुरी दर्ताको निस्सा

निवेदक/निवेदिका ............................................. ले यस कार्यालय समक्षमा दिनुभएको घरेलु हिंसा सम्वन्धी उजुरी यस कार्यालयमा मिति .................... मा दर्ता नं. ...................मा दर्ता भएकोले यो दर्ता निस्सा दिइएको छ ।

सहि

नाम

पद

मिति

<u>अनुसुची ४</u>

(नियम १२ को उपनियम १ सँग सम्वन्धित)

जिल्ला अदालत समक्ष उजुरीको मिसिल पठाउने ढाँचा

श्री ................................................

जिल्ला अदालत ।

यस ................................................ समक्ष मिति ........................मा .......................... (पीडित) ले .................................. (पीडक) विरुद्ध दर्ता गराउनु भएको उजुरीमा घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ४ को उपदफा ९ बमोजिम मिलापत्र हुन नसकेकोले ऐनको दफा ५ को प्रयोजनको लागि उजुरी र त्यस सम्वन्धि मिसिल पठाइएको व्यहोरा अनुरोध छ । प्रस्तुत उजुरी उपर तहाँ अदातलबाट फैसला भए पछि सो को जानकारी यस कार्यालयलाई समेत उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

संलग्न कागजातहरु :

१)

२)

३)

४)

५)

# अनुसूची ५

(नियम १४ को उपनियम ४ सँग सम्वन्धित)

सेवा केन्द्र स्थापना/सञ्चालनको स्विकृतिको प्रमाणपत्र

.................................................... (संस्थाको नाम) घरेलु हिंसा (कसुर तथा सजाँय) ऐन, २०६६ तथा नियमावली, २०६६ बमोजिम सेवा केन्द्र स्थापना/सञ्चालन गर्न स्वीकृतिको प्रमाणपत्र प्रदान गरिएको छ ।

मिति :

स्वीकृति दिने अधिकारी